# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, कञ्चनपुर

प.सं. : २०८०/०८१ (प्रशासन शाखा)

च.नं. :

सुदूरपश्चिम प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८०।१०।०९ गते)

यस लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, शंकरपुर, कञ्चनपुरको प्राविधिक शाखा, क्षयरोग मुक्त पालिका कार्यक्रम र आँखा उपचार केन्द्रका लागि तपसिल बमोजिमका कर्मचारी आवश्यक खुल्ला प्रतिष्पर्धाको माध्यमबाट करारमा पदपूर्ति गर्नुपर्ने हुँदा निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित गरेको मितिले १५ (पन्ध्र) दिनभित्र माग भए बमोजिमका विवरण र यस पालिकाको राजश्व शाखामा राजश्व बुझाएको रसिदसहित यस कार्यालयकोको प्रशासन शाखामा आवेदन बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः-

| क्र.सं. | विज्ञापन नं. | पद | तह/स्तर | संख्या |
|---|---|---|---|---|
| १. | ०२/२०८०-०८१ | ईन्जिनियर | अधिकृत स्तर छैठौं | १ |
| २. | ०३/२०८०-०८१ | क्षयरोग मुक्त अभियान कार्यक्रम संयोजक | अधिकृत स्तर सातौं | १ |
| ३. | ०४/२०८०-०८१ | हेल्थ असिस्टेन्ट | सहायक पाँचौं | १ |
| ४. | ०५/२०८०-०८१ | नेत्र सहायक | सहायक पाँचौं | १ |
| ५. | ०६/२०८०-०८१ | अप्टिकल डिस्पेन्सर | सहायक स्तर | १ |

१. आवश्यक न्यूनतम् योग्यता र अनुभवः-

क) ईन्जिनियर पदका लागि

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा स्नातक तह उत्तिर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको ।

ख) कार्यक्रम संयोजक पदका लागि

- नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य वा स्वास्थ्य विज्ञान विषयमा स्नातक तह उत्तिर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको।

ग) हेल्थ असिस्टेन्ट पदका लागि

- मान्यता प्राप्त शिक्षण संस्थाबाट General Medicine मा PCL उत्तिर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको ।

घ) नेत्र सहायक पदका लागि

- मान्यता प्राप्त शिक्षण संस्थाबाट नेत्र सहायक उत्तिर्ण गरि स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको ।

ङ) अप्टिकल डिस्पेन्सर पदका लागि

- एस.ई.ई. वा सो सरह उत्तिर्ण गरि चस्मा बनाउने कार्य सम्बन्धी तालिम लिएको ।

२. उमेर हद :- ईन्जिनियर पदका लागि २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० बर्ष ननाघेको, क्षयरोग मुक्त अभियान कार्यक्रम संयोजक पदका लागि २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको र सहायक पाचौं र चौथौको लागि १८ बर्ष पुरा भई ४५बर्ष ननाघेको ।

३. दरखास्त दिने स्थानः- लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, शंकरपुर, कञ्चनपुर ।

४. दरखास्त दिने अन्तिम मितिः- सूचना प्रकाशन गरेको १५ दिनभित्र (मितिः- २०८०/१०/२३ गतेसम्म) कार्यालय समयसम्म । यदि अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन ।

५. आवेदन दस्तुर- अधिकृत स्तरका लागि रु.१२००/- (बाह्र सय मात्र) सहायक पाचौं रु.७००/- (सात सय मात्र) र सहायक स्तरका लागि रु.४००/- (चार सय मात्र)

६. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित तथा अन्तरवार्ता परीक्षा ।

७. आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेका देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

(क) नागरिकता (ख) न्यूनतम् योग्यताको लब्धाङ्क प्रमाण-पत्र (ग) चारित्रिक प्रमाण-पत्र

(घ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात (च) २ (दुई) प्रति फोटो (ङ) तालिमको प्रमाण-पत्र

८. सेवा सुविधा तथा अन्यः- सेवा करार सम्झौत बमोजिम।

**नोट : दरखास्त फारम यस कार्यालयको वेब साईट www.laljhadimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।**

राज बहादुर साकी
प्रमुख प्रशासकीय अधिकृत